# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, मंसिर १४ गते, २०८१ साल (अतिरिक्ताङ्क ३२

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

खानेपानी, सिँचाय तथा ऊर्जा मन्त्रालयको सूचाना

## सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**<u>प्रस्तावना</u>:** प्रदेशका तराई तथा भित्री मधेश क्षेत्रमा स्यालो ट्यूववेल सम्भाव्य क्षेत्रहरुका कृषि योग्य जमिनमा बसोबास गर्ने आर्थिक रूपमा विपन्न तथा साना किसानहरू लक्षित, सिँचाइ सेवाबाट वञ्चित र सुक्खा ग्रस्त क्षेत्रहरूमा स्यालो ट्यूववेल, इनार मार्फत भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउन "सुक्खा राहत स्यालो ट्यूववेल सिँचाई विशेष कार्यक्रम" संचालन गर्नु अपरिहार्य भई लक्षित वर्गको पहिचान, छनौट तथा कार्यान्वयनमा एकरुपता कायम गरी योजनाबद्ध, सरल र व्यवस्थित रुपले कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सिँचाइ नियमावली, २०८१ को नियम ७४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस कार्यविधिमा,-

(क) **"उपभोक्ता"** भन्नाले स्यालो ट्यूववेल सिंचित क्षेत्रभित्र पर्ने जल उपभोक्ताहरू जनाउँदछ।

(ख) **"उपभोक्ता संस्था"** भन्नाले दफा १६ (१) बमोजिमका जल उपभोक्ताहरूबाट गठन भएको संस्था सम्झनुपर्छ।

(ग) **"कार्यक्रम'** भन्नाले सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम सम्झनु पर्दछ।

(घ) **"डिभिजन"** भन्नाले भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, विराटनगर सम्झनु पर्दछ।

(ङ) **"नियमावली"** भन्नाले कोशी प्रदेशको "प्रदेश सिँचाइ नियमावली, २०८१" सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) **"मन्त्रालय"** भन्नाले खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश विराटनगर सम्झनु पर्दछ।

(छ) **"सिंचित क्षेत्र"** भन्नाले स्यालो ट्यूववेलबाट सिँचाइ हुने क्षेत्र जनाउँदछ।

(ज) **"स्यालो ट्यूववेल"** भन्नाले पचास मिटरभन्दा कम गहिराइको ट्यूबवेल वा दुई वा तीन वटा आपसमा जोडिएका ट्यूववेलहरुको समूह वा बढीमा बीस मिटरसम्म गहिराइको इनार जनाउँदछ।

## परिच्छेद - २

## कार्यक्रमको आधारभूत विषय र पहिचानसम्बन्धी व्यवस्था

३. **सूचना प्रवाह गर्नु पर्ने:** (१) सर्वसाधारणलाई कार्यक्रम कार्यान्वयन प्रक्रियाबारे सम्बन्धित डिभिजनले सुसूचित गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रमका आधारभूत विषयसम्बन्धी जानकारी गराउँदा डिभिजको सूचना पाटी, वेव-साईट, पत्र-पत्रिका, सामाजिक सञ्जाल, एफ.एम रेडियो, टेलिभिजन तथा वृत्तचित्र मार्फत गराउनु पर्नेछ।

(३) कार्यक्रमका आधारभूत विषयहरु देहाय बमोजिम हुनेछः-

(क) आयोजनाहरुको माग,

(ख) आयोजनाको पहिचान,

(ग) आयोजना छनौटको मापदण्ड,

(घ) आयोजनामा सहभागिता,

(ङ) आयोजनाको कार्यान्वयन अवधि, र

(च) आयोजनामा अपनाईने अन्य प्रक्रिया।

४. **आयोजना पहिचानका आधारहरू:** स्यालो ट्यूववेल आयोजना पहिचानका आधारहरू देहाय बमोजिम हुनेछः-

(क) आयोजनामा घटीमा पाँचवटा स्यालो ट्यूववेलहरुको क्लस्टर रहनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) तर स्थलगत अवस्थितिको कारणले पाँच वटा स्यालो ट्यूववेल सम्भाव्य नदेखिएमा सो भन्दा घटी संख्याको पनि आयोजना छनौट गर्न बाधा पर्ने छैन।

(ग) तराई तथा भित्रि मधेश क्षेत्रमा प्रति स्यालो ट्यूबवेल सिंचित क्षेत्र घटीमा २.५ हेक्टर हुनेछ भने पहाडी क्षेत्रमा प्रति स्यालो ट्यूववेल घटीमा ०.५ हेक्टर सिंचित क्षेत्र हुनु पर्ने छ।

(घ) एउटा स्यालो ट्यूववेल समूहमा दुई वा सोभन्दा बढी उपभोक्ता हुनुपर्ने छ।

(ङ) स्यालो ट्यूववेल माग गर्दा डिभिजनले स्यालो ट्यूववेल सम्भाव्य क्षेत्र भनी तोकेको स्थानमा मात्र माग गर्न सकिने छ।

(च) आयोजना आर्थिक, सामाजिक तथा प्राविधिक र वातावरणीय दृष्टिकोणले उपयुक्त हुनु पर्नेछ।

## परिच्छेद -३

## आयोजना माग, संलग्न गर्नुपर्ने कागजात र सामूहिक प्रतिबद्धतासम्बन्धी व्यवस्था

५. **आयोजनाको माग गर्ने विधि:** (१) कार्यक्रम कार्यान्वयन गर्न प्रथम चारणमा आयोजनाहरुको माग, पहिचान र छनौटको मापदण्ड समेत खुलाई डिभिजनले घटीमा एक्काइस दिनको समय दिई आयोजना माग गर्ने सम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना माग गर्ने सम्बन्धी सूचना अनुसूची-१ अनुसारको ढाँचामा प्रकाशन गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२) बमोजिम सूचनाको जानकारी कार्यक्रम संचालन हुने स्थानीय निकायहरूमा समेत पठाउनु पर्नेछ।

(४) आयोजना माग गर्ने सम्बन्धी सूचना प्रकाशन भए पश्चात् निर्धारित समय सीमाभित्र प्रस्तावित आयोजना क्षेत्रका सम्बन्धित कृषकहरुले तदर्थ जल उपभोक्ता समितिको गठन गरी वा नियमानुसार दर्ता भएका जल उपभोक्ता संस्थाबाट अनुसूची-२ बमोजिमको माग फारम भरी सम्बन्धित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

स्थानीय तहको सिफारिस सहित स्यालो ट्यूववेल आयोजनाको लागि डिभिजनमा माग दर्ता गराउनु पर्नेछ।

तर निजी फर्म, कृषक समूह वा कृषि सहकारी संस्थाका कृषकहरुले भूमिगत जल सिंचाइ आयोजनाको लागि अनुसूची-३ बमोजिमको माग फारम भरी माग दर्ता गराउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम पेस हुने निवेदनको साथमा अनुसूची-४ बमोजिमको विवरण फाराम संलग्न गर्नु पर्नेछ।

६. **कागजात संलग्न गर्नुपर्ने:** (१) उपभोक्ताले दफा ५ को उपदफा (१) बमोजिमको माग फारमसाथ देहाय बमोजिमको कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सिंचाइ गर्ने क्षेत्रको जग्गा लागत फाराम,

(ख) जग्गाको क्षेत्रफल खुल्ने निस्सा (जग्गा धनीपुर्जा) को प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि,

(ग) सम्बन्धित वडा र स्थानीय तहको सिफारिस, र

(घ) उपभोक्ताहरुले आयोजना माग गरेको निर्णयको प्रतिलिपि।

(२) आयोजना माग गर्दा प्रस्तावित ट्यूववेलहरुले सिंचाइ गर्ने क्षेत्र तराई क्षेत्रमा कम्तिमा प्रति स्यालो ट्यूववेल २.५ हेक्टर भित्रि मधेश, भावर तथा पहाडी क्षेत्रमा ०.५ हेक्टर हुनुपर्नेछ।

७. **प्रतिबद्धता व्यक्त गर्नु पर्ने:** आयोजना माग गर्दा कृषकहरुले देहाय बमोजिमको सामूहिक प्रतिबद्धता व्यक्त गर्नुपर्ने छ-

(क) सिंचाइ संरचना निर्माणको लागि आवश्यक पर्ने जग्गा निःशुल्क उपलब्ध गराउने,

(ख) सिंचित क्षेत्रमा बाली सघनता तथा उत्पादकत्व बढाउने,

(ग) आयोजना सञ्चालन भएपछि एक हिउँदे बाली सहित कम्तिमा वार्षिक दुई बाली लगाउने,

(घ) आधुनिक पद्धति मार्फत नगदे तथा उच्च मूल्ययुक्त बाली लगाउने, र

(ङ) भूमिगत सिंचाइ प्रणालीको मर्मत सम्भार तथा संचालन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(च) आयोजना माग गर्ने कृषकहरूले आयोजना संचालन भएपछि एक हिउँदे बालीसहित कम्तीमा वार्षिक दुई बाली लगाउने।

## परिच्छेद -४

## आयोजना छनौट तथा प्राथमिकीकरणका आधारसम्बन्धी व्यवस्था

८. **आयोजना छनौट तथा प्राथमिकीकरणका आधारहरू :** आयोजना छनौट तथा प्राथमिकीकरणका आधारहरु देहायबमोजिम हुनेछः-

(क) आयोजना प्राविधिक,आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ।

(ख) सिंचाइका लागि अन्य-वैकल्पिक स्रोत नभएका स्थानहरुलाई प्राथमिकता दिइनेछ।

(ग) आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका समुदायबाट माग भएको क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(घ) आयोजना छनौट गर्दा सामूहिक, व्यावसायिक तथा आधुनिक खेती गर्ने उपभोक्ताहरुलाई प्राथमिकता दिइनेछ।

(ङ) प्राविधिक पक्षका अलावा कृषकहरूको माग तथा सतह सिँचाइको व्यवस्था नभएका क्षेत्र र आर्थिक रूपले विपन्न, पिछडिएका तथा सीमान्तकृत कृषकहरू भएका क्षेत्रहरूलाई छनौटको थप आधार मानिनेछ र आर्थिक तथा सामाजिक रूपले पछाडि परेको समुदायबाट माग भएको क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ।

(च) सतह सिँचाइ प्रणालीको सिंचित क्षेत्रभित्र सिँचाइ सुविधा उपलब्ध हुन नसक्ने वा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रभित्र सम्बन्धित सिँचाइ डिभिजनको सिफारिसमा आयोजना छनौट गर्न सकिने छ।

(छ) आयोजना छनौट गर्दा आर्थिक तथा सामाजिक रूपले पछाडि परेको समुदायबाट माग भएको क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ।

९. **सतह सिंचाइ र भूमिगत सिंचाइ प्रणालीको संयोजनात्मक प्रयोग गर्न सकिने:** सतह सिंचाइ प्रणालीको सिंचित क्षेत्रभित्र परेको तर सिंचाइ सुविधा उपलब्ध हुन नसकेको वा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन नसक्ने क्षेत्रभित्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सतह सिंचाइ र भूमिगत सिंचाइ प्रणालीको संयोजनात्मक प्रयोग (Conjunctive Use) गरी सिंचाइ गर्न भूमिगत जल सिंचाइ आयोजना छनौट गर्न सकिनेछ।

तर सोको लागि सम्बन्धित सतह सिंचाइ संचालन गर्ने डिभिजन वा उपभोक्ता संस्थाको सहमति तथा समन्वयमा सिंचित क्षेत्रको गणना दोहोरो नहुने व्यवस्था मिलाउनु पर्नेछ।

१०. <u>भू-स्वामित्वको आधिकारिक निस्सा नभएकोमा बाधा नपर्ने:</u> (१) भू-स्वामित्वको आधिकारिक निस्सा (जग्गा धनीपुर्जा) नभएको तर कृषि योग्य जमिनको रुपमा भोगचलन गरी आएको प्रमाणित भएमा त्यस्तो जग्गामा समेत सिँचाइ सुविधा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कृषि योग्य जमिनको रुपमा भोगचलन गरी आएको व्यहोरा र जग्गाको क्षेत्रफल समेत खुलाई सम्बन्धित स्थानीय तहबाट प्रमाणित भई सिंचाइको लागि सिफारिस सहित माग भएको हुनु पर्नेछ।

११. <u>करारनामा सहितको आयोजना छनौट गर्न सकिने:</u> (१) नियमानुसार दर्ता भई अद्यावधिक रहेको निजी फर्म, कृषक समूह वा सहकारी सस्थाले व्यावसायिक, आधुनिक तथा सामूहिक कृषिका लागि निजी वा जग्गा भाडा (Lease) मा लिएको कृषि योग्य जग्गामा सिंचाइ गर्नको लागि जग्गा भाडामा लिइएको करारनामा (Lease Agreement) सहित आयोजना माग गरेमा भूमिगत सिंचाइ आयोजना छनौट गर्न सकिने छ।

(२) जग्गा भाडामा लिइएको करारनामा (Lease Agreement) को अवधि कम्तीमा दश वर्षको हुनुपर्ने छ र सो भाडामा लिएको जग्गा करार अवधिसम्म कृषि प्रयोजनको लागि नै प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद -५

## <u>आयोजना कार्यान्वयनका चरणसम्बन्धी व्यवस्था</u>

१२. <u>माग फाराम संकलन गर्नु पर्ने:</u> डिभिजनले दफा (५) बमोजिम प्राप्त भएको आयोजना मागसम्बन्धी निवेदन संकलन गरी अनुसूची -५ अनुसारको विवरण तयार गरि आयोजना छनौट समिति समक्ष पेश गर्नु पर्नेछ ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१३. **<u>सम्भाव्यता क्षेत्र अध्ययन गर्नु पर्ने:</u>** (१) डिभिजनले मातहतको क्षेत्रको स्यालो ट्यूववेल सम्भाव्य क्षेत्रको सीमाङ्कन गरी उक्त क्षेत्रमा स्यालो ट्यूववेल निर्माण गर्ने तरीका (ढिकुली, ठोकुवा, मेसिन ड्रिलिङ्ग) वा डगवेल (इनार) समेत उल्लेख गर्नु पर्नेछ।

(२) डिभिजनले GIS नक्सामा स्यालो ट्यूववेल जडान भइसकेको क्षेत्र र बाँकी क्षेत्र तथा ट्यूववेल निर्माण तरिका समेत प्रस्ट हुने गरी नक्सा तयार गर्नु पर्नेछ।

१४. **<u>आयोजना स्वीकृतिको प्रक्रिया:</u>** (१) दफा ५ बमोजिम प्राप्त भएको माग निवेदन डिभिजनले संकलन गरी विस्तृत विवरण तयार गरी मन्त्रालयमा रहेको मन्त्रालय स्तरीय आयोजना छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) आयोजना छनौट समितिले आयोजना छनौट तथा स्वीकृत गरी कार्यान्वयनको लागि भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजनलाई पठाउनु पर्नेछ।

(३) आयोजना छनौट समितिबाट छनौट भई आएको आयोजनाहरूबारे सम्बन्धित उपभोक्ता संस्था तथा स्थानीय तहहरूलाई आयोजना छनौट र कार्यान्वयनसम्बन्धी जानकारी गराउनु पर्नेछ।

## परिच्छेद -६

## <u>आयोजना छनौट समितिसम्बन्धी व्यवस्था</u>

१५. **<u>आयोजना छनौट समिति रहने:</u>** (१)आयोजनाका लागि प्राप्त भएका निवेदनहरु मध्येबाट आयोजनाहरू छनौट तथा स्वीकृत गर्न मन्त्रालयमा एक आयोजना छनौट समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति देहायबमोजिम हुनेछः-

(क) प्रदेश सचिव, मन्त्रालय- संयोजक

(ख) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय- सदस्य

(ग) सम्बन्धित डिभिजन प्रमुख- सदस्य सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) दफा १३ बमोजिम पेश भएको माग निवेदनहरू मध्येबाट समितिले दफा ८ को समेत आधारमा आयोजनाहरू छनौट तथा स्वीकृत गरी कार्यान्वयनको लागि सम्बन्धित डिभिजनलाई पठाउने छ।

(४) आयोजना छनौट समितिको बैठकमा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई समेत आमन्त्रित गर्न सकिने छ।

(५) समितिको बैठकको समय तथा सञ्चालन विधि आयोजना छनौट समितिको संयोजकबाट तोकिए बमोजिम हुनेछ।

**परिच्छेद -७**

**<u>उपभोक्ता संस्था दर्ता र सम्झौता सम्बन्धी व्यवस्था</u>**

१६. **<u>उपभोक्ता संस्था दर्ता गर्नु पर्ने:</u>** (१) आयोजना स्वीकृतिको जानकारी प्राप्त भइसकेपछि उपभोक्ता कृषकहरूले नियमावलीमा तोकिए अनुसार उपभोक्ता संस्थाको गठन गरी डिभिजनमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उपभोक्ता संस्थालाई सम्बन्धित डिभिजनले संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

१७. **<u>उपभोक्ता संस्थासँग सम्झौता गर्नु पर्ने:</u>** (१) डिभिजनले आयोजना सम्झौता हुनु पूर्व डिभिजन र उपभोक्ताहरूको भेला गराई आयोजनाको लागत, अवधि, संचालन, सुरक्षा, आयोजनामा निर्माण हुने संरचनाहरू तथा आयोजनामा उपभोक्ताहरूले व्यहोर्नु पर्ने जनसहभागिता आदि विषयबारे जानकारी गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन प्रारम्भ हुनु पूर्व डिभिजन र उपभोक्ता संस्था बीच आयोजना कार्यान्वयनका विषयमा सम्झौता सम्पन्न गर्नु पर्नेछ।

(३) स्वीकृत आयोजनाहरूमा ट्यूववेल निर्माण, निर्माण सामग्री खरिद तथा विद्युतीय मोटर/डिजेल पम्पसेटहरू प्रचलित ऐन, कानून बमोजिम हुनेछ।

(४) डिभिजन र उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारी बीच हुने सम्झौता अनुसूची-६ बमोजिम हुने छ।

१८. **<u>नियमावलीमा तोकिए बमोजिम हुने:</u>** आयोजनामा उपभोक्ताहरूले व्यहोर्नु पर्ने जनसहभागिता रकम नियमावलीमा तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद -८

## <u>कार्यको बाँडफाँड, कार्यान्वयन र मर्मतसंभार सम्बन्धी व्यवस्था</u>

१९. <u>बाँडफाँड तथा कार्यान्वयनः</u> आयोजनाको कार्य बाँडफाँड तथा कार्यान्वयन देहाय बमोजिम हुनेछः-

(क) स्यालो ट्यूववेल निर्माण तथा स्यालो ट्यूववेलमा जडान गरिने विद्युतीय मोटर वा डिजेल पम्पिङ्ग सेट खरिद जडान कार्य प्रदेश सरकारबाट गरिने छ।

(ख) स्यालो ट्यूववेलबाट पानी वितरणका लागि आवश्यकता अनुसार फिल्ड च्यानल वा फ्याक्सिवल पाइपको व्यवस्था उपभोक्ता कृषकबाट हुनेछ।

(ग) हाइड्रोजियोलोजिकल अवस्थाका आधारमा हाते डिलिङ्ग, मेसिन डिलिङ्ग वा इनार निर्माण गर्ने सम्बन्धमा डिभिजनले निर्णय गरी सम्बन्धित उपभोक्ता संस्थालाई जानकारी गराउने छ।

(घ) निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियम बमोजिम गरिने छ।

(ङ) प्रदेश सरकारले स्यालो ट्यूववेल सिंचित क्षेत्रभित्र विद्युतीकरण कार्यलाई प्राथमिकता दिनेछ।

२०. <u>मर्मत सम्भार एवं सञ्चालन उपभोक्ता संस्थाको हुनेः</u> (१) निर्माण कार्य सम्पन्न भएपछि स्यालो ट्यूववेल सञ्चालन तथा मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी उपभोक्ता संस्थाको हुनेछ।

(२) डिभिजनले उपभोक्ता संस्थालाई पम्प मर्मत, स्यालो ट्यूववेल सञ्चालन तथा संस्थागत विकास सम्बन्धमा आवश्यकता अनुसार तालिम उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-९

## <u>डेटाबेस तयारी (Data Base) र अद्यावधिक सम्बन्धी व्यवस्था</u>

२१. <u>डेटाबेस तयारी (Data Base) तयार गर्नु पर्नेः</u> (१) प्रत्येक स्यालो ट्यूववेल आयोजना भित्रका पुराना तथा नयाँ स्यालो ट्यूववेल सम्बन्धी डाटा संकलन गरी सम्बन्धित डिभिजनले डेटाबेस तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्यालो ट्यूववेलसम्बन्धी डाटा संकलन अन्तर्गत देहायबमोजिमको डाटा संकलन गर्नु पर्नेछः-

(क) निर्माणस्थल,

(ख) निर्माण मिति,

(ग) जग्गाधनी नाम, थर, वतन,

(घ) सिंचित क्षेत्र,

(ङ) लाभान्वित घरधुरी/ जनसंख्या,

(च) हाइड्रोलोजिकल डाटा ।

२२. <u>डेटाबेसलाई अद्यावधिक गर्नुपर्नेः</u> (१) दफा २१ बमोजिमको डेटाबेसलाई अद्यावधिक गर्नु डिभिजनको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो कार्यक्षेत्रभित्रका स्यालो ट्यूववेल निर्माण गर्ने मिस्त्रीहरूको तथ्याङ्क संकलन गरी सम्बन्धित डिभिजनले अद्यावधिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्बन्धित डिभिजनले भूमिगत जलसम्बन्धी अन्य प्राविधिक तथ्याङ्कहरू (जल गुणस्तर, वाटर लेभल इत्यादि) संकलन तथा विश्लेषण गरी अद्यावधिक गर्नु पर्नेछ।

(४) प्रत्येक आर्थिक वर्षको अन्त्यमा सम्बन्धित डिभिजनले सम्पन्न भएका स्यालो ट्यूववेल सिँचाइ विकाससम्बन्धी सबै कार्यको विस्तृत प्रतिवेदन तयार तथा अद्यावधिक गर्नु पर्नेछ।

## परिच्छेद-१०

## <u>अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था</u>

२३. <u>नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्नेः</u> (१) डिभिजनले आयोजना निर्माण कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) डिभिजनको प्राविधिक र उपभोक्ता संस्थाको प्रतिनिधि सम्मिलित टोली बनाई आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) मन्त्रालयले आवश्यकतानुसार आयोजना निर्माणको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

२४. <u>कर्तव्य हुने:</u> अनुगमन/निरीक्षणमा खटिएका कर्मचारीहरूलाई आवश्यक सहयोग गर्नु सम्बन्धित उपभोक्ता संस्थाको कर्तव्य हुनेछ।

२५. <u>सहयोग गर्नु पर्ने:</u> अनुगमन/निरीक्षणको क्रममा वा अन्य समयमा उपभोक्ता संस्थाको प्राविधिक समस्याको निदान गर्ने कार्य डिभिजनको हुनेछ।

**परिच्छेद - ११**

**<u>विविध</u>**

२६. <u>कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने:</u> (१) स्यालो ट्यूववेल आयोजना सम्पन्न भए पश्चात सम्बन्धित डिभिजन, उपभोक्ता र उपभोक्ता संस्थाले आयोजनाको संयुक्त प्रतिवेदन तयार गरी उपभोक्ता संस्था तथा डिभिजनलाई उपलब्ध गराउनु पर्नेछ।

(२) संयुक्त प्रतिवेदन प्राप्त भएपश्चात आयोजना हस्तान्तरण भएको मानिनेछ।

२७. <u>कार्यविधिको पालना गर्नुपर्ने:</u> यस कार्यविधिको पालना डिभिजन लगायत सम्बन्धित उपभोक्ता संस्थाहरू समेतले गर्नु पर्नेछ।

२८. <u>विवादको समाधान गर्नु पर्ने:</u> (१) आयोजना निर्माणको क्रममा निर्माणसँग सम्बन्धित विवाद उत्पन्न भएमा डिभिजनले सो विवादको समाधान गर्नु पर्नेछ।

(२) डिभिजनबाट विवाद समाधान हुन नसकेमा अन्तिम निर्णयको अधिकार मन्त्रालयलाई हुनेछ।

२९. <u>संघीय नर्म्स र डिजाइन म्यानुअल प्रयोग गर्न सकिने:</u> स्यालो ट्यूववेल सिंचाइ आयोजना कार्यान्वयनका लागि प्रदेश सरकारको नर्म्स, डिजाइन म्यानुअल नबनेसम्म नेपाल सरकार वा अन्तर्गतका निकायहरूले स्वीकृत गरेका अध्ययन, सर्वेक्षण तथा निर्माणसम्बन्धी नर्म्स तथा डिजाइन म्यानुअल प्रयोग गर्न सकिने छ।

३०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

**अनुसूची -१**

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

आयोजना माग गर्ने सम्बन्धी सूचनाको ढाँचा

प्रदेश सरकार

खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय

विराटनगर, मोरङ

**सुक्खा राहत स्यालो ट्यूववेल सिँचाइ विशेष कार्यक्रम माग गर्ने सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः ...............

यस भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार झापा, मोरङ, सुनसरी, उदयपुर तथा इलाम जिल्लाका स्यालो ट्यूववेल सम्भाव्य क्षेत्रहरूका कृषि योग्य जमिनमा बसोबास गर्ने आर्थिक रूपमा विपन्न तथा साना किसानहरू लक्षित, सिँचाइ सेवाबाट वञ्चित र सुक्खा ग्रस्त क्षेत्रहरूमा स्यालो ट्यूववेल, इनार मार्फत बाह्रै महिना भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्य अनुसार "सुक्खा राहत स्यालो ट्यूववेल सिँचाई विशेष कार्यक्रम" हुने भएको हुनाले आर्थिक रूपमा विपन्न तथा साना किसानहरू लक्षित, सिँचाइ सेवाबाट वञ्चित र सुक्खा ग्रस्त क्षेत्रका कृषकहरुले तदर्थ जल उपभोक्ता समितिको गठन गरी वा नियमानुसार दर्ता भएका उपभोक्ता संस्थाहरूबाट यो सूचना प्रकाशन भएको मितिले एक्काइस दिनभित्र तपसिलमा उल्लिखित कागजातहरू समेत डिभिजमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

(१) सिँचाइ गर्ने क्षेत्रको अनुसूची-२ वा अनुसूची-३ र अनुसूची-४ अनुसारको लागत फारम : पाना .....

(२) स्थानीय कृषकहरूको आम भेला बसि उपभोक्ता तदर्थ समिति गठन गरेको निर्णय प्रतिलिपिः पाना ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) स्थानीय कृषकहरूको आम भेला बसि उपभोक्ता तदर्थ समिति गठन गरेको निर्णय प्रतिलिपिः पाना ....

(४) सम्बन्धित वडा र स्थानीय तहको सिफारिस

(५) जग्गा धनीपुर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि

(६) कित्ता नं. खुल्ने नापी नक्सा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- २

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**भूमिगत स्यालो ट्यूववेल सिंचाई आयोजना माग फारामको नमुना**

डिभिजन प्रमुखज्यू,

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, विराटनगर।

मितिः २०.../.../...

**विषयः स्यालो ट्यूववेल सिँचाइ आयोजना माग सम्बन्धमा।**

महोदय,

हामी तपसिलका निवेदकहरू ............ जिल्लाको .................. गाउँ/नगरपालिका वडा नं. ..., ............. टोल/बस्ती स्थित करिब ...... हेक्टर (...... बिगाह/रोपनी) क्षेत्रफलमा .............. भूमिगत स्यालो ट्यूववेल सिँचाइ कार्यक्रम संचालनका लागि आयोजनाको माग सम्बन्धमा अनुसूची -४ बमोजिम किसान र जग्गाधनीको विवरणसमेत संलग्न राखी यो निवेदन पेश गरेका छौं। मागबमोजिम आयोजना संचालन हुने अवस्थामा हामीले प्रदेश सिँचाइ नियमावलीअनुसार लाभग्राहीबाट जम्मा गर्नुपर्ने रकम जम्मा गर्ने तथा जन श्रमदानसमेत जुटाउने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं।

**संलग्न कागजातहरुः**

(१) सिँचाइ गर्ने क्षेत्रको अनुसूची- ४ अनुसारको लागत फारम : पाना ..

(२) स्थानीय कृषकहरूको आम भेला बसी उपभोक्ता तदर्थ समिति गठन गरेको निर्णय प्रतिलिपिः पाना ....

(३) उपभोक्ताहरुको स्यालो ट्यूववेल सिँचाइ आयोजना माग गर्ने निर्णयको प्रतिलिपिः पाना .....

(४) सम्बन्धित वडा र स्थानीय तहको सिफारिस

(५) जग्गा धनिपूर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि

(६) कित्ता नं. खुल्ने नापी नक्सा

**प्रतिवद्धता:** हामी सम्पूर्ण उपभोक्ताहरु सिंचाइ संरचना निर्माणको लागि आवश्यक पर्ने जग्गा निःशुल्क उपलब्ध गराउने, सिंचित क्षेत्रमा बाली सघनता तथा उत्पादकत्व बढाउने र भूमिगत सिंचाइ प्रणालीको मर्मत सम्भार तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

संचालन गर्न तथा नियम अनुसार लाग्ने लागत सहभागिता व्यहोर्न मन्जुर छौ भनी यो सामुहिक प्रतिवद्धतासमेत ब्यक्त गर्दछौं।

**कृषक समूहको प्रतिनिधित्व गर्नेको**

**पूरा नाम, थरः .................................**

**नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नं.ः....................................**

**हस्ताक्षरः.....................**

**ठेगानाः...................................**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

(दफा ५ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशसँग सम्बन्धित)

## <u>भूमिगत स्यालो ट्यूववेल सिंचाइ आयोजना माग फाराम (फर्म/कृषि समूह/कृषि सहकारी)</u>

डिभिजन प्रमुखज्यू,
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, विराटनगर।

मितिः २०.../.../...

<u>विषयः स्यालो ट्यूववेल सिँचाइ आयोजना माग सम्बन्धमा।</u>

महोदय,

हामी तपसिलका निवेदकहरू ............ जिल्लाको .................. गाउँ/नगरपालिका वडा नं. ..., ............. टोल/बस्ती स्थित दर्ता/गठन भएको यस .......................... कृषि फर्म/समूह/कृषि सहकारीको करिब ...... हेक्टर (...... बिगाह/रोपनी) क्षेत्रफलमा भूमिगत स्यालो ट्यूववेल सिँचाइ कार्यक्रम संचालनका लागि आयोजनाको माग सम्बन्धमा अनुसूची-४ बमोजिम किसान र जग्गाधनीको विवरणसमेत संलग्न राखी यो निवेदन पेस गरेका छौं। मागबमोजिम आयोजना संचालन हुने अवस्थामा हामीले प्रदेश सिँचाइ नियमावलीअनुसार लाभग्राहीबाट जम्मा गर्नुपर्ने रकम जम्मा गर्ने तथा जनश्रमदानसमेत जुटाउने प्रतिबद्धतासमेत व्यक्त गर्दछौं।

संलग्न कागजातहरुः

(१) सिँचाइ गर्ने क्षेत्रको अनुसूची- ४ अनुसारको लागत फारम : पाना ...
(२) जग्गा भाडामा लिइएको भए करारनामा (Lease Agreement) को प्रतिलिपि पाना .....
(३) सम्बन्धित वडा र स्थानीय तहको सिफारिस
(४) जग्गा धनिपूर्जाको प्रतिलिपि वा तिरो तिरेको रसिदको प्रतिलिपि
(५) कित्ता नं. खुल्ने नापी नक्सा

<u>**प्रतिवद्धता:**</u> हामी यो जग्गा भाडामा लिइएको करारनामा (Lease Agreement) मा हस्ताक्षर गर्ने दुवै पक्ष सिंचाइ संरचना निर्माणको लागि आवश्यक पर्ने जग्गा निःशुल्क उपलब्ध गराउने र भूमिगत सिंचाइ प्रणालीको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

मर्मत सम्भार तथा सञ्चालन गर्न तथा नियम अनुसार लाग्ने लागत सहभागिता व्यहोर्न मन्जुर छौ भनी यो सामुहिक प्रतिवद्धता ब्यक्त गर्दछौं।

**कृषि फर्म/समूह/कृषि सहकारी समूहको प्रतिनिधित्व गर्नेको**

**पूरा नाम, थरः ................................**

**नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नं.ः...................................**

हस्ताक्षरः....................

**ठेगानाः..................................**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची - ४

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

## भूमिगत स्यालो ट्यूववेल सिंचाइ आयोजनाको मागका लागि दिइने निवेदनमा संलग्न गरिने कृषकहरुको विवरण

उपभोक्ता संस्थाको नाम:

आयोजनाको नाम :

ठेगानाः ................ जिल्ला ................ गा.पा./न.पा. वडा नं. ..., .............. बस्ती /टोल

प्रस्तावित सिंचित क्षेत्र: ......

माग भएको स्यालो ट्यूववेल संख्या: ............ ट्यूववेलको किसिमः

| क्र.सं. | जग्गा धनीको नाम, ठेगाना | परिवार संख्या | | | जग्गाको विवरण | | | सहिछाप/ हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | स्थान | कित्ता नं. | क्षेत्रफल | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

**कृषक समूहको प्रतिनिधित्व गर्नेको**

**पूरा नाम, थरः ..................................**

**नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र नं.ः....................................**

**हस्ताक्षरः.....................**

**ठेगानाः...................................**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-५

(दफा १२ सँग सम्बन्धित)

**प्रारम्भिक प्रतिवेदन ढाँचा**

भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

विराटनगर, मोरङ्ग

**आयोजना छनौटको लागि प्रारम्भिक प्राविधिक प्रतिबेदन**

**क) आयोजनाको विवरण:**

१. आयोजनाको नाम: ....................स्यालो ट्यूववेल सिंचाइ आयोजना

२. आयोजनाको ठेगाना: जिल्ला: ............ न.पा./गा.पा. :......., वडा नं. ..., गाउँ: ............

३. जल उपभोक्ता समितिको नाम: ..........................

४. जल उपभोक्ता समितिको अध्यक्षको नाम: .........................

५. माग विवरण:

क) ट्यूववेल माग संख्या: ................ ख) सिंचाइ हुने क्षेत्रफल: ...................... हे.

६. लाभान्वित जनसंख्या:

क) जम्मा घरधुरी संख्या: ................ ख) जम्मा लाभान्वित संख्या: ..............

ग) पुरुषको संख्या: .......... घ) महिलाको संख्या: .......

ङ) मुख्य, मुख्य जातिहरु: .................

७ .नियमानुसारको कागजात संम्लग्न भए/नभएको: ..............

**ख) स्थलगत निरीक्षणको विवरण**

८. कमाण्ड एरिया भएको क्षेत्र: अक्षांश: .......... देशान्तर .....

९. हाल भइरहेको सिंचाइ सुविधाको अवस्था: ..........................

१०. हालको भइरहेका बाली चक्र: ....................

११. भौगर्भिक अवस्थिति: ......................................................

१२. भूजलको अवस्था:

क) भूमिगत जलको स्तर: ................ ख) नजिकमा भएको नदिको नाम:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

ग) सम्भावित डिस्चार्ज: .................... लिटर प्रति सेकेन्ड

घ) सम्भावित ड्रडाउनको अवस्था: ..................................

ङ) सम्भावित एक्वीफरको मोटाई: ......................... मिटर

१३. प्रस्तावित क्षेत्रमा स्यालो ट्यूववेल वा इनार भए/नभएको:.....................

१४. प्रस्तावित क्षेत्रमा स्यालो ट्यूववेल भएको भएका सो को विवरणः निर्माण बिधिः ...... गहिराईः.. ट्यूववेलको साइजः ..

१५. नजिकको वजारः ............

१६. विद्युत लाइन भएको वा नभएको: .................

**<u>ग.स्थलगत निरीक्षण गर्ने प्राविधिकको प्रतिवेदन</u>**

माथि उल्लेखित स्थानवाट स्यालो ट्युववेल निर्माणको लागि माग पेश भएकोमा स्थलगत निरीक्षण गर्दा उक्त स्थान स्यालो ट्युववेल निर्माणको लागि सम्भाव्य क्षेत्र भएको, माग फाराममा उल्लेखित विवरण साचो भएको तथा सिंचाइको लागि अन्य योजनाहरु संचालनमा रहेको नदेखिएको र अन्य वैकल्पिक सिंचाइको व्यवस्था समेत नभएको हुँदा उक्त स्थानमा आयोजना तयार गरी सिंचाइको लागि स्यालो ट्युववेल/इनार निर्माण गर्न उपयुक्त छ ।

**घ.सिफारिस गर्ने**

**डिभिजन प्रमुख**

नाम:

नाम: ...................

दस्तखत:....................

दस्तखत:...............

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची - ६

(दफा १७ को उपदफा (४) सँग सम्बन्धित

**डिभिजन र उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारी बीचको आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता**

श्री ............................... उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारी मिति ........./...../..... मा उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारीको प्रतिवद्धता सहित भूमिगत सिंचाइ आयोजना माग भए अनुसार प्रदेश सरकार, खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्रालय, कोशी प्रदेश, विराटनगरबाट मिति ........./...../..... मा यस ................ भूमिगत जल सिंचाइ आयोजना स्वीकृत भएको हुँदा उक्त सिंचाइ आयोजना कार्यान्वयन गर्नेको लागि भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय .................. (प्रथम पक्ष) र ............... जिल्ला .......................... गा. पा./न.पा., वडा नं. ......, ............... को श्री ......................... ..... उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारी (दोश्रो पक्ष) को बिचमा तपसिल अनुसारको प्रतिवद्धता, दायित्व तथा सहभागिता बहन गर्ने, गराउने गरी आज मिति .........../.../... मा यो सम्झौतामा हस्ताक्षर गरि लियौं दियौं।

(क) उपभोक्ता संस्थाको दायित्व:

(१) तपसिल तालिकामा उल्लेख भए बमोजिम लागत सहभागिता (नगद, जिन्सी , श्रमदान वा सबै) बापत व्यहोर्नु पर्ने अंश उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारी (दोश्रो पक्ष) ले व्यहोर्नु पर्नेछ।

(२) आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जमिन सम्बन्धित उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारीले नि:शुल्क उपलब्ध गराउनु पर्नेछ।

(३) आयोजना कार्यान्वयनको क्रममा उठेका विवाद, गुनासो तथा समस्याहरुलाई छलफल गरी समाधान गर्नु पर्नेछ र यस सम्बन्धी अन्य व्यवस्था दफा २९ मा तोकिए बमोजिम हुनेछ।

(४) आयोजन निर्माणस्थलमा खटिएका कर्मचारी, निर्माण व्यवसायी तथा कामदारहरुलाई सहयोग र निर्माण सामग्री तथा उपकरणहरुको रेखदेख,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

सुरक्षाको व्यवस्था सम्बन्धित उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारीले गर्नु पर्नेछ।

(५) आयोजनाको निर्माण कार्य समयमा नै गुणस्तरीय ढंगले सम्पन्न गर्न उपभोक्ता संस्थाले नियमित रुपमा रेखदेख तथा निरीक्षण गर्नुपर्नेछ।

(६) आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेपछि उक्त आयोजनाको परीक्षण गरी उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारीले बुझिलिनु पर्नेछ।

(७) निर्माण सम्पन्न भई हस्तान्तरण भए पश्चात आयोजनाको नियमित संचालन तथा मर्मत सम्भार उपभोक्ता आफैले गर्नु पर्ने छ।

(ख) <u>डिभिजनको दायित्व:</u>

१. पहिलो चरणमा निर्माण गरिने ट्यूववेल संरचना र दोश्रो चरणमा निर्माण संरचनाहरुको खरिद सम्झौता, व्यवस्थापन, अनुगमन निरिक्षण तथा निर्माण सम्पन्न गर्ने गराउने।

२. आयोजना निर्माणको क्रममा आयोजनाका संरचनाहरुको प्रगति अवस्था, निर्माण विधि तथा निर्माण सामग्रीसम्बन्धी विषयमा उपभोक्ताहरुलाई जानकारी, समन्वय तथा आवश्यक छलफल गरी आयोजनाको सफल निर्माण सम्पन्न गर्ने/ गराउने।

३. आयोजना निर्माण सम्पन्न भइसकेपछि उपभोक्ता संस्था तथा प्रतिनिधिहरुको रोहबरमा आयोजनाको परीक्षण गरी सिंचाइ प्रणाली सम्बन्धित उपभोक्ता संस्था/कृषि फर्म/कृषि सहकारीलाई हस्तान्तरण गर्ने ।

४. आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report) तयार गर्ने।

५. हस्तान्तरित आयोजनाको दिगो व्यवस्थापन, संचालन, मर्मत सम्भार र सुरक्षासम्बन्धी विषयहरुमा आवश्यक संस्थागत विकास, क्षमता अभिवृद्धिसम्बन्धी तालिमहरु सञ्चालन गर्ने।

**<u>आयोजनाको अनुमानित लागत विवरण</u>**

| क्र. सं. | निर्माण हुने संरचनाहरुको विवरण | अनुमानित कुल लागत | डिभिजनको | उपभोक्ताको सहभागिता | | |
|---|---|---|---|---|---|---|
| | | | लागत रु. | लागत रु. | नगद | श्रमदान |
| | ट्यूववेल संरचना निर्माण | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पम्प तथा एसोसरिज जडान | | | | | |
| | अन्य संरचना निर्माण | | | | | |
| | जम्मा | | | | | |

**<u>सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरु:</u>**

डिभिजनको तर्फबाट: उपभोक्ता संस्था/फर्म/कृष सहकारीको तर्फबाट:

१. डिभिजन प्रमुख: १. अध्यक्ष/आधिकारिक व्यक्तिः

२. हाईड्रो-जियोलोजी शाखा प्रमुखः २. .............

३. लेखा प्रमुखः ३. .................

डिभिजनको छाप: संस्थाको छाप :

**स्वीकृत मिति : २०८१।०८।१४**

**प्रकाशन मिति : २०८१।०८।१८**

**आज्ञाले,**

**(प्रदिप वान्तवा)**

**प्रदेश सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**